# रोल्पा, रुकुम, सल्यान तथा प्यूठान जिल्लास्थित विभिन्न आयोजनाहरुको स्थलगत अनुगमन भ्रमण प्रतिवेदन

(२०७१ फागुन ११ देखि १५ सम्म)




(२०६६।३।२२ मा ठेक्का लागेको र रु.१,६०,७२,०००। भुक्तानी भैसकेको माडीखोलाको पूलको हालसम्मको प्रगति)

डा.तीर्थ राज ढकाल, सह सचिव

राष्ट्रिय योजना आयोगको सचिवालय

गोविन्दप्रसाद पौडेल, सह-लेखापाल,

राष्ट्रिय योजना आयोगको सचिवालय

## १. पृष्ठभूमि

राष्ट्रिय योजना आयोगबाट २०७१।११।१० र ११ मा बाँके जिल्लाको नेपालगंजमा आयोजित मध्य पश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रस्तरीय कार्यशालामा सहभागी भए पछि सल्यान, रुकुम, रोल्पा र प्यूठान जिल्लाको स्थलगत भ्रमण गरियो । स्थलगत भ्रमणको प्रमुख उद्देश्य पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजनाका विभिन्न क्रियाकलापहरुको कार्यान्वयन स्थिति, कार्यक्रम कार्यान्वयनमा देखिएका सवल तथा दुर्वल पक्षहरु र अन्य निकाय तथा आयोजनासँग समन्वयको अवस्था बारे जानकारी लिनु रहेको थियो । साथै भ्रमणका क्रममा उक्त आयोजनाका अतिरिक्त बाटोमा पर्ने अन्य विभिन्न आयोजनाहरुको अवलोकन गर्नुका साथै स्थानीय निकायहरु र अन्य कार्यालयका प्रमुखहरुसँग अन्तरक्रिया समेत गरिएको थियो । यस प्रतिवेदनले अनुगमन भ्रमणका क्रममा संकलित सूचनाहरु, आयोजनाहरुको स्थिति विवरण देखिने नक्शा, आयोजना कार्यान्वयनमा देखिएका समस्याहरु र सोको समाधानका लागि अपनाउनुपर्ने उपायहरुलाई समेत समेटी सुझावहरु तयार गरेको छ ।

## २.पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना

यस आयोजनाको समग्र स्थितिका बारेमा आयोजनाका समन्वयकर्ता तथा अन्य कर्मचारीहरुसँग नेपालगंजमा अबस्थित आयोजना समन्वय इकाइमा विस्तृत बिफ्रिङ्ग लिनुका साथै अन्तरक्रिया गरियो ।

आयोजनाको समग्र उद्देश्य, हालसम्मको प्रगति, चालू आ.ब. २०७१।७२ को बार्षिक विकास कार्यक्रम तथा सोको कार्यान्वयन प्रगति स्थिति र यस आयोजनाको सहयोगदाता निकाय IFAD का सुपरीवेक्षण मिसनको पछिल्लो प्रतिवेदन लगायतका दस्तावेज संकलन तथा अध्ययन गरियो ।

स्थलगत अध्ययनका क्रममा देहाय वमोजिमका क्रियाकलापहरु अबलोकन गरिएको छः

(क) रुकुमको सोलावाङ्गमा आयोजनाबाट तालिम प्राप्त एक दलित एकल महिलाबाट संचालित सिलाइ पसलको अबलोकन तथा निजसँग अन्तरवार्ता ।



पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजनाको सहयोगमा ३ महिने सिलाइकटाइ तालिम लिएकी एक महिलाले कृषि विकास बैंकबाट रु ५०,००० ऋण सापटी समेत लिई सिलाइ पसल राखेको पाइयो । सो पसलको आम्दानीबाट २ छोराछोरीलाई शिक्षा दिइरहेको र आफू पनि १२ कक्षा अध्ययनरत रहेको पाइयो ।

आयोजनाले निज महिलाको आयआर्जन र सशक्तीकरणमा उल्लेखनीय सहयोग गरेको र निजलाई सामाजिक परिचालकमार्फत सहयोग गरिरहेको देखियो ।

तर, उनीजस्तै ९ जना अरु सहभागी सो ३ महिने तालिमका अन्य सहभागीहरुले काम राम्रोसँग सिक्न नसक्दा व्यवसाय गर्न नसकेको जानकारी पाइयो । यसले आयोजनाले दिएको यस्तो तालिम र तालिम पछिको सल्लाह तथा सहयोगमा विशेष ध्यान दिनुपर्ने देखाएको छ ।

(ख) रुकुममै अर्की एक महिला किसानबाट भएको वंगूरपालन कार्य र सो सम्बन्धमा निजसँग अन्तरवार्ता ।




पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजनाको सहयोगमा वंगूरपालनमा संलग्न महिला कृषकबाट उत्पादित वंगूरका पाठाहरुको बजारिकीकरणमा समस्या रहेको जानकारी पाइयो ।

यसकालागि त्यहाँ खटिने सामाजिक परिचालक र गाविस स्तरमा गठित सामुदायिक आयोजना समन्वय इकाइले सहयोग गर्नुपर्ने देखिएको छ ।

जनजाति पृष्ठभूमिकी यी एकल महिलाको छोरा बैदेशिक रोजगारीमा गएको र क्षत्री पृष्ठभूमिकी बुहारीले वगूंर नछुने भएकाले अत्यन्त समस्या रहेको भन्ने बुझियो । बुहारीलाई सम्झाई बुझाइ गरिदिन निजको अनुरोध थियो ।

(ग) गरिवीनिवारण कोषको सहयोगमा परिचालित रुकुमको मुसीकोट नगरपालिकामा रहेको शान्ति सामुदायिक संस्थाबाट भैरहेका क्रियाकलापहरु ।




उक्त कोषको सहयोगमा प्राप्त घुम्ती कोषबाट ऋण लिई भैसीपालन, कुखुरापालन तथा अन्य आय आर्जनका क्रियाकलापहरु संचालन भैरहेको पाइयो ।

गरिवी निवारण कोषको सहयोगबाट २०६४ मा गठन भएको यस सामुदायिक संस्थाका १८ जना सदस्यमध्ये एक तिहाई अझै निरक्षर रहेछन् ।

यस संस्थाका सदस्यलाई सिलाइ कटाई, बगूंरपालन लगायतका विषयमा तालिम आबश्यक परेको भए पनि कसरी तालिम संचालन गर्ने भन्नेमा अन्यौल रहेको ।

उक्त कोषको सहयोगी संस्थाबाट यस विषयमा खासै सहयोग नभएको बुझियो ।

(घ) मुसीकोट नगरपालिकामा पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजनाको सामुदायिक आयोजना समन्वय इकाइको बैठक अबलोकन तथा अन्तरक्रिया ।




पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजनाका प्रत्येक वडाबाट एकजना छानिइ गाविसस्तरमा गठन हुने सामुदायिक आयोजना समन्वय इकाइको बैठक हरेक महिना वसेर आफ्नो वडाका आबश्यकता पहिचान गरी सामुदायिक लगानी योजना बनाउने गरेका रहेछन् ।

तर, यस आयोजनाको सहयोगबाट संचालन हुने क्रियाकलाप मात्र लगानी योजनामा समावेस गर्ने गरेका रहेछन् । लगानी योजनालाई स्थानीय निकायबाट तर्जुमा हुने योजना प्रक्रियासँग तालमेल गराएको पाइएन । यस्तो तालमेल नहुँदा आयोजना सम्पन्न भएपछि यस प्रक्रियाको निरन्तरता नहुने देखियो ।

यस इकाइको बैठकका निर्णयहरु सदस्यहरुले नलेखी सामाजिक परिचालकहरुले लेख्ने गरेकाले सशक्तीकरणमा सहयोग पुगेको पाइएन ।

(ङ.) मुसीकोट नगरपालिका वडा नम्बर १ मा हालसालै पुनःगठित वडा नागरिक मञ्चसँग मञ्चको कार्यक्षेत्र, पुनःगठन प्रक्रिया र आगामी बर्षको योजना तर्जुमा सम्बन्धमा मञ्चले खेलेका भूमिका सम्बन्धमा अन्तरक्रिया ।




संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट संचालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गतको सामाजिक परिचालन कार्यक्रम अन्तर्गत गठित यस वडा नागरिक मन्त्रसँग मन्चको गतिविधि भूमिका सम्बन्धमा अन्तरक्रिया गरियो ।

योजना प्रक्रियामा वडाभित्रका समस्याहरु पहिचान गरी आयोजना सिफारिस गर्ने भूमिका वारे जानकार रहे पनि मन्चका सदस्यहरु नागरिक दवाव समूहका रुपमा स्थानीय जवाफदेहिता प्रवर्द्धन गर्न भूमिका खेल्ने सम्बन्धमा जानकार रहेको पाइएन ।

सामाजिक परिचालकहरुलाई समेत सहयोग गर्न गैसस संलग्न स्थानीय सेवा प्रदायक संस्थाहरु शीघ्र परिचालन गर्न जरुरी देखियो

(च) रोल्पाको बुढागाउँ गाविस, लिग्दुस्थित खानेपानी आयोजनाको पूर्वाधारको अबलोकन र पानी वितरण तथा आयोजनाको मर्मत संभार सम्बन्धमा स्थानीय सेवाग्राहीसँग अन्तरक्रिया ।

पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजनाको सहयोगमा निर्मित रिजर्भ ट्यांकीमा पानी संकलन गरी वरीपरीका वासिन्दालाई १० वटा धारामार्फत दैनिक २ घण्टा खानेपानी वितरण गरिएको रहेछ । खानेपानीको पाइप ठाउँठाउँमा चुहिएको र वस्तीको तलतिरका धारामा टुटी नभएकाले पानी खेर गइरहेको र माथितिरका घरहरुमा पानी नपुगेको गुनासो रहेको पाइयो । यस आयोजनामा संरचना निर्माण गरिसकेपछि त्यसको सामान्य मर्मत संभारको सीप उपभोक्ताहरुलाई दिने व्यवस्था नहुँदा दिगो रुपमा सेवा उपलब्ध हुनसक्ने स्थिति देखिएन ।

(छ) रोल्पाको बुढागाउँ गाविस वडा नम्बर १ मा एकता महिला सामुदायिक संस्थासँग अन्तरक्रिया तथा आयोजनाको सहयोगमा संचालित सिंचाइ आयोजनाको अबलोकन ।





वि.सं २०६४ मा गठित यस महिला समूहका सवै सदस्यहरु साक्षर रहेको पाइयो । समूहका सदस्यहरुले पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजनाको सहयोगमा निर्मित सिंचाइ आयोजनाको संचालन र नगदेवाली लगाएका रहेछन् । तरकारी वाली राम्रो रहे पनि केही स्थानमा रोग लागेको र त्यसको कस्तो उपचार गर्ने भन्ने सम्बन्धमा प्राविधिक सहयोग भने नपाएको देखियो । सामाजिक परिचालक नयाँ भएकाले उनले कृषि सेवा केन्द्रमा यस्तो प्राविधिक सहयोग लिन सकिने जानकारी समेत यस समूहलाई दिएको पाइएन ।

(ज) रोल्पाको तिला गैरीगाउँमा आयोजनाको सहयोगमा एक दलित किसानले गरेको कुखुरापालन कार्य र सोही स्थानमा संचालित सिलाई तालिमको अबलोकन तथा स्रोतव्यक्ति तथा सहभागीसँग अन्तरक्रिया ।





पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजनाको सहयोगमा २०० चल्ला कुखुरा २ लटमा पहिलेनै हुर्काइ वेचिसकेको र हाल तेस्रो लट राखेको पाइयो । आफ्नै घरजग्गा र अन्य आम्दानीको स्रोत नभए पनि आयोजनाको सहयोगमा कुखुरापालन गरेपछि खानबस्न समस्या नरहेको जानकारी पाइयो ।

सिलाइ तालिमका सहभागीहरुले राम्रोसँग तालिम लिइरहेको भए पनि उनीहरुलाई तालिमको समयमा र त्यसपछि आयोजनाबाट कस्तो सहयोग उपलब्ध हुन्छ भन्ने जानकारी रहेको पाइएन । यस्तो जानकारी प्रारम्भमै दिएमा उनीहरुलाई अझै अभिप्रेरित गरी तालिम सम्पन्न गर्न र तालिम पश्चात्को योजना गर्न सजीलो हुने देखिन्छ ।

## ३.स्थलगत अनुगमन गरिएका अन्य आयोजनाहरु

### क) कपुरकोट निगालपानी सडक आयोजना

निगालपानीमा अवस्थित रोल्पा सिमेन्ट प्रा.लि.का लागि पहुँच सडकका रुपमा निर्माण भएको रहेछ । सडक डिभिजन कार्यालय दाङ्गबाट संचालन भैरहेकोले स्थलगत रुपमा सडकको अबलोकन गर्न सकिए पनि उक्त कार्यालयसँग अन्तरक्रिया भने गर्न सकिएन । आयोजनाबाट सडकलाई थप चौडा पार्न टेवा पर्खाल लगाउने, नालीहरु निर्माण गर्ने, Slope elevation मिलाउने लगायतका कार्यहरुमा प्रगति राम्रो भइरहेको पाइएको छ ।

### ख) लिवाङ्ग तिला शहीदमार्गमा पर्ने माडीखोला पूल आयोजना

रोल्पा जिल्लाको सदरमुकाम लिवाङ्गसँग पश्चिमका बुढीगाउँ, जुगार, गैरीगाउँ लगायत ७ भन्दा बढी गाविस जोड्ने शहीद मार्गको अबलोकन गर्दै माडीखोलामा आइपुगियो । यो सडकमार्गमा ट्रयाकमात्र खुलेको र धेरै कम स्थानमा मात्र ग्राभेल वा ढुंगा विछ्याउने काम भएको रहेछ ।




(२०६६।३।२२ मा ठेक्का लागेको र हालसम्म १,६०,७२,०००। भुक्तानी भैसकेको माडीखोलाको पूलको हालसम्मको प्रगति)

यस सडकमा बर्षाको समयमा सवारी साधन चल्नसक्ने स्थिति नदेखिएकाले यसको स्तरबृद्धि कार्य प्राथमिकताका साथ अघि बढाउनुपर्ने देखियो । अर्कोतर्फ शहीदमार्गकै घोराहीबाट होलेरीतर्फको खण्डको भने पिच गर्नका लागि २३ करोड बजेट विनियोजन भएको भए पनि ८ करोडमा ठेक्का लागेको डिभिजन सडक कार्यालयसँगको छलफलका क्रममा थाहा पाइयो । लागत अनुमानको एक तिहाइमा ठेक्का परेको कारणले सडकको गुणस्तरमा प्रारम्भमै प्रश्न गर्ने ठाउँ रहेको छ ।

शहीद मार्गको एक महत्वपूर्ण पूल लिवांग नजीकैको माडीखोलाको पूल हो । यो पूल आयोजना एक असफल आयोजना रहेछ । यस पूलसम्बन्धी विभिन्न जानकारी देहायवमोजिम रहेको छः

(क) रु. ४ करोड ६२ लाख प्रारम्भिक लागत अनुमान गरिएको यस आयोजनाको २०६६।३।२२ मा पहिलो पटक ३ करोड ४१ लाखमा ठेक्का लागि कार्यादेश समेत जारी गरिएको ।

(ख) स्वतन्त्र परामर्शदाताले गरेको प्रारम्भिक डिजाइन पछि रिडिजाइन गर्ने आबश्यकता महसुस गरी पुनः सोही परामर्शदाताबाट रिडिजाइन गराउँदा लागत ४ करोड ७६ लाख अनुमान भएको ।

(ग) रिडिजाइन पछि सोही ठेकेदारलाई पुरानै दररेटमा सहमत गराई बढेको कामका लागि १५ प्रतिशत थप गरी २०६९।८।२६ मा भेरियसन अर्डर दिइएको । ठेकेदारले स्वीकार गरी २ वटा पिलरको केही प्रारम्भिक कार्यहरु गरेको ।

(घ) केही काम गरे पनि पछि ठेकेदार साइटमा नआएको र कार्यालयबाट पटक पटक पत्राचार गरिएको भए पनि अटेर गरिरहेको ।

(ङ.) डिभिजन सडक कार्यालय प्युठानबाट हालसम्म रु १ करोड ६० लाख ७२ हजार भुक्तानी भैसकेको ।

(च) उक्त पूलको पश्चिमपट्टि रहेको रक निकै ठूलो रहेको र त्यसलाई काटेर धसाउन विस्फोटक पदार्थ प्रयोग गर्नुपर्ने र यसले लागत धेरै बढाउने भए पनि रिडिजाइनमा समेत त्यसलाई ध्यान नदिएकाले प्राविधिक हिसावले पनि स्थायी पूल निर्माण गर्न कठिनाई रहेको डिभिजन कार्यालयका प्राविधिकहरुको धारणा रहेको ।

(छ) ठेकेदारले काम नगरेको तर, स्थानीय जनता तथा राजनीतिक दलहरुले निकै दवाव दिइरहेकाले उक्त ठेक्का सम्झौता रद्द गरी सोही स्थानमा बेलीब्रिज बनाउन डिभिजन सडक कार्यालयले १ करोड १३ लाखमा लागत अनुमान समेत गरी पोखराबाट बेलीब्रिज ल्याई जडान गर्ने गरी प्रक्रिया अघि बढाएको ।

(ज) यसरी बेलीब्रिज ल्याई जडान गर्ने प्रक्रिया अघि बढे पनि पुरानो ठेकेदारसँग ठेक्का सम्झौता तोड्ने प्रक्रिया अझै प्रारम्भ नभएको ।

**ग)भिग्री स्वर्गद्वारी सडक आयोजना**

भालुवाङ्ग चकचके लिवाङ्ग सडकमा पर्ने भिंग्रिदेखि पवित्र तीर्थस्थल स्वर्गद्वारीसम्मको सडक आयोजना अवलोकन गरियो । पहिले जिल्ला विकास समितिबाट ट्र्याक खोली सामान्य मर्मत संभार हुँदै आएको यस सडकको निर्माण हाल डिभिजन सडक कार्यालय प्यूठानले लिएको रहेछ । पहिले खोलिएको ट्र्याक ग्रेडिङ. नमिलेको र धेरै घुम्तीहरु रहेको आदि कारणले यसको एलाइनमेन्ट परिवर्तन गर्नुपर्ने महसुस गरी डिभिजन सडक कार्यालयबाट यस बर्ष ६ करोड २२ लाखमा ठेक्का लगाई काम प्रारम्भ भएको रहेछ । हाल संचालनमा रहेको ट्याक रातोमाटो भएको, चिप्लो र ग्रेडिङ्ग. नमिलेको कारणले अत्यन्तै जोखिमपूर्ण रहेकोले स्थानीय प्रशासनको संयोजनमा भएको बैठकबाट यस रुटमा गाडी चलाउन नदिने निर्णय भएकाले डिभिजन सडकबाट सर्वसाधारणको जानकारीका लागि सूचना टाँस गरिएको भेटियो । तर, रिजर्भ गरिएका गाडीहरु विना पर्वाह चलाइरहेको पाइयो । नयाँ ठेक्का लागिसकेको अबस्थामा सकेसम्म चाँडै एलाइनमेन्ट परिवर्तन अनुरुप ट्र्याक खोल्ने काम अघि बढाउन डिभिजन सडकलाई कुनै समस्या नरहेको स्थिति छ ।

**घ)स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, दोस्रो चरण**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत संचालित यस कार्यक्रममार्फत योजना प्रक्रियालाई सहयोग पुऱ्याउन तथा नागरिक दवाव समूहको रुपमा समेत भूमिका खेल्नका लागि गाविस तथा नगरपालिकाका प्रत्येक वडामा वडा नागरिक मञ्च र गाविसको सबैभन्दा कमजोर लक्षित वर्ग रहेका स्थानमा नागरिक सचेतना केन्द्रहरु खडा गरिएका छन् । यस भ्रमणमा यस्ता केही वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रका प्रतिनिधिहरुसँग अन्तरक्रिया गरियो । साथै जिल्लास्तरका जिल्ला शासन विज्ञ र गाविस तथा नगर क्षेत्रका सामाजिक परिचालकहरुसँग कार्यक्रमका वारेमा विस्तृत विचार विमर्श गरियो ।

**ङ.) गरिवी निवारण कोष**

स्थानीय विकास अधिकारीहरु, कोषको कार्यक्रम संचालनमा सहभागी सहयोगी संस्था, गाविस, अन्य कार्यक्रमका सामाजिक परिचालक र कोषबाट समुदायस्तरमा गरिवी घटाउनका लागि खडा गरिएका सामुदायिक संगठनसँग यस कोषका कार्यक्रमहरुका वारेमा अन्तरक्रिया गरियो । कोषका Portfolio Manager कुनै जिल्लामा नभेटिएकाले उनीहरुसँग अन्तरक्रिया गर्न पाइएन ।

**४. स्थलगत अनुगमनका क्रममा अन्तरक्रिया तथा अवलोकन गरिएका अन्य विषयहरु**

(क) रुकुम जिल्ला विकास समितिमा संचालन भइरहेको जनसंख्या तथा सामाजिक समितिको बैठकमा संलग्न भई आगामी आ.ब.देखि जिल्लास्तरीय बार्षिक विकास कार्यक्रम तयारी सम्बन्धमा भएको परिवर्तनका बारेमा अन्तरक्रियामा संलग्न हुनुका साथै बैठकमा उठेका विषयहरुलाई प्रष्ट पारियो ।

(ख) रुकुम, रोल्पा र प्यूठान जिल्ला विकास समितिमा स्थानीय विकास अधिकारीहरुसँग आवधिक योजना तर्जुमा, आगामी आ.ब.को वजेट तथा कार्यक्रम तर्जुमाको स्थिति, जिल्लामा संचालित पश्चिम उच्च

पहाडी गरिवी निवारण आयोजना, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम र गरिवी निवारण कोष कार्यक्रमहरुवीच समन्वयका सम्बन्धमा छलफल गरियो ।













(ग) खलंगा नगरपालिका, प्यूठानका कार्यकारी अधिकृतसँग ७ वटा गाविसलाई गाभेर नव गठित यस नगरपालिकाको जनशक्ति व्यवस्था, पहिलेका कर्मचारीहरुको व्यवस्थापन, भौतिक साधन व्यवस्था, आवधिक योजना वा गुरुयोजना तयारीबारे भएका प्रयासहरु, आगामी आ.ब.को कार्यक्रम तथा वजेट तयारी सम्बन्धमा भएको प्रगति, नगरक्षेत्रभित्र संचालित आयोजनाहरुको अबस्था, आयोजनाहरुवीच समन्वयात्मक क्रियाकलापहरु, जिल्ला विकास समितिसँगको समन्वय लगायत विविध विषयमा अन्तरक्रिया गरियो ।

(घ) डिभिजन सडक कार्यालय, नम्बर १ (मध्य पश्चिमान्चल) प्यूठानमा गई मूलतः समस्यामूलक आयोजनाका रुपमा रहेको माडी पूल, लिवाङ. आयोजना, भिंग्री स्वर्गद्वारी सडक आयोजना, डिभिजनबाट निर्माणाधीन अन्य सडक तथा पूलसम्बन्धी कार्यहरुको प्रगति तथा समस्याहरुका वारेमा विस्तृत विचार विमर्श गरियो ।

(ङ.) गैरीगाउँ गाविस, रोल्पामा गाविसका कर्मचारी, स्थानीय शान्ति समितिका पदाधिकारीहरु, राजनीतिक कार्यकर्ता तथा नागरिक समाजका कर्मचारीसँग गाविस अनुदानवापत प्राप्त रकम, न्यूनतम शर्त तथा कार्य सम्पादन मापन (Minimum conditions and performance measures) लागू भएपछि गाविसलाई अनुदान रकम करिव दुई तिहाइले घटेपछि परेको प्रभाव, शान्ति समितिको भूमिका, गाविसमा संचालित पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, गरिवी निवारण कोष र गैससबाट संचालित कार्यक्रमहरुवीच समन्वयका सम्बन्धमा छलफल गरियो ।




(फोटोः रोल्पाको गैरीगाउँ गाविसमा गाविसका कर्मचारी, स्थानीय शान्ति समितिका पदाधिकारीहरुसँग छलफल)

## ५. स्थलगत भ्रमणका क्रममा देखिएका प्रमुख सवालहरु

*पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजनासँग सम्बद्ध सवालहरुः*

(क) स्थानीय निकायको प्रत्यक्ष सहभागिता र सहयोगमा संचालन गरिएको भए पनि यसलाई स्थानीय निकायले उचित रुपमा स्वामित्व ग्रहण नगरेको ।

(ख) सामुदायिक विकासका सूक्ष्म आयोजना तथा कार्यक्रमहरु उपयुक्त देखिए पनि सम्पन्न भए पछि निर्मित संरचनाको मर्मत सम्भार तथा संचालन गर्न आबश्यक क्षमताको विकासतर्फ पर्याप्त ध्यान नगएकाले दिगोपनाको समस्या रहेको ।

(ग) जिल्ला तथा गाविसस्तरमा सञ्चालित कतिपय अन्य आयोजनाहरुवीच समन्वय गराउने संयन्त्र विकास गर्नेतिर नसोचेकाले कतिपय कार्यहरुमा दोहोरोपन देखिएको ।

(घ) समुदायस्तरमा तयार हुने योजना (CIP) लाई स्थानीय निकायले तयार गर्ने १४ चरणको योजना तर्जुमा प्रक्रियासँग आबद्धित गराउन नसकेको कारणले हाल दोहोरोपन रहेको र आयोजना सम्पन्न भए पछिको दिगोपनामा समेत सहयोग पुग्न नसक्ने स्थिति देखिएको ।

(ङ.) आयोजना समन्वय इकाइबाट पर्याप्त अनुगमन हुन नसकेको ।

*स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, दोस्रो चरणमा देखिएका सवालहरु*

वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरुमा प्रतिनिधिहरुसँग भएको छलफल र जिल्लास्तरमा जिविस, नगरपालिकाका अधिकृतहरु, जिल्ला शासन विज्ञ र गाविस तथा नगर क्षेत्रका सामाजिक परिचालकहरुसँग कार्यक्रमका वारेमा गरिएको विस्तृत विचार विमर्शका आधारमा देहायवमोजिम सवालहरु रहेको पाइयो ।

(क) सामाजिक परिचालकहरुलाई क्षमता अभिबृद्धिका अवसरहरु नहुँदा अपेक्षित रुपमा काम गर्न नसकेको देखियो । उनीहरुको क्षमता विकास समेतमा सहयोग गर्न नियुक्ति गरिनुपर्ने स्थानीय सेवा प्रदायक संस्थाहरु (Local service providers- LSPs) छनौट गरी सेवा लिन थालिएको पाइएन ।

(ख) सामाजिक परिचालकहरु सामुदायिक संगठनहरुको परिचालनमा सहजीकरणका लागि जानुपर्नेमा गाविसकै कर्मचारी सरह गाविसमै बढी समय व्यतित गर्ने गरेको पाइयो ।

(ग) वडा नागरिक मन्चको भूमिका बार्षिक योजना तर्जुमामा उल्लेखनीय भए पनि आफ्ना आबश्यकताको पहिचान र प्राथमिकीकरण गर्ने क्षमता विकास गर्न सकिएको छैन । यसैगरी नागरिक दवावसम्बन्धी भूमिका खेल्न यी संस्थाहरु जानकार र प्रभावकारी हुन सकेको पाइएन ।

(घ) नागरिक सचेतना केन्द्रहरुले समस्या पहिचान गरी जिविकोपार्जन सुधार आयोजनाहरु (LIPs) तयार गर्न प्रारम्भ गरेकाले यसले कमजोर तथा लक्षित वर्गलाई प्रत्यक्ष फाइदा पुऱ्याउने गरी कार्यक्रम संचालन गर्नसक्ने स्थिति भए पनि यसमा क्षमता विकासका लागि ध्यान दिन सकिएको पाइएन ।

(ङ.) नगरपालिका भएका स्थानमा यस कार्यक्रमका जिल्ला शासन विज्ञको ६० प्रतिशत समय जिविसमा र ४० प्रतिशत समय नगरपालिकामा विताई काम गर्न समस्या रहेको निजहरुको गुनासो थियो ।

*गरिवी निवारण कोषसम्बन्धी सवालहरु*

(क) स्थानीय निकायले यस कोषलाई कुनै पनि रुपमा स्वामित्वबोध गरिएको पाइएन । यस कोषले खडा गरेका सामुदायिक संस्थाहरुले तयार गरेका योजनाहरु वडा नागरिक मञ्चमार्फत सहभागितामूलक योजना प्रक्रियामा समावेस गराउने, जिविसबाट यी आयोजनाहरुको अनुगमन गर्ने र समीक्षा

बैठकहरुमा यसबाट सञ्चालित कार्यक्रमहरुको समीक्षा अनिवार्य रुपमा गर्नेगरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोषवीच केन्द्रमा भएको सहमति पत्रमा रहेका विषयहरु कार्यान्वयनमा ल्याएको पाइएन ।

(ख) समुदायस्तरबाट आयोजनाको पहिचान भए पनि ती आयोजनाहरु केन्द्रमा कोषबाट मात्र छान्ने निर्णय हुनु र कोषबाट खटिने Portfolio Manager ले स्थानीयस्तरमा समन्वय गर्ने नगरेको गुनासो अन्तरक्रिया गरिएका सबै स्थानीय निकायको रहेको थियो । यसले कार्यक्रममा अनावश्यक दोहोरोपन आइरहेको पाइयो ।

(ग) स्थानीय निकायको प्रत्यक्ष समन्वयमा कार्यक्रम नचलेका कारणले यस कार्यक्रम सम्पन्न भएपछि सञ्चालित कार्यक्रमहरुको दिगोपना र परिचालित सामुदायिक संगठनहरुको निरन्तरता हुन नसक्ने जोखिम प्रष्ट देखिएको छ ।

*स्थानीय विकास योजना तर्जुमा सम्बन्धमा देखिएका सवालहरुः*

(क) स्थानीय निकायको बार्षिक योजना प्रक्रियामा डिभिजन कार्यालयहरु, जिल्लास्थित विषयगत कार्यालयहरुको सहयोग तथा सहभागिता देखावटी किसिमको मात्र रहेको ।

(ख) इलाकास्तरका छलफल प्राथमिकीकरण गर्नुभन्दा पनि गाविसस्तरबाट आएका आयोजनाको संग्रहीकरण गर्नमै व्यतित हुने गरेको ।

(ग) जिल्लाहरुमा आवधिक जिल्ला विकास योजनाका मस्यौदा भइसकेको भए पनि यस योजना र बार्षिक योजनावीच अन्तरसम्बन्ध स्थापित गर्न प्रयास भएको पाईएन । यसैगरी नयाँ गठन भएका नगरपालिकाहरुमा आवधिक योजना तयार गर्न थालनी भएको पाईएन ।

*अन्य आयोजनासँग सम्बन्धित सवालहरु*

(क) पूर्वाधार विकासका आयोजनाहरुमा ठेक्कापट्टा व्यवस्थामा विभिन्न समस्याहरु रहेका छन् । अत्यन्त न्यून रकम वोलकवोल गर्ने, मोविलाइजन लिएपछि काम निरन्तर रुपमा नगर्ने, उच्च अंक मूल्यांकन गराउने प्रयोजनका लागि मात्र सयुंक्त ठेक्का (Joint venture) मा ठेक्का लिने र पछि तुलनात्मक रुपमा कमजोर ठेकेदारलाई कार्य सुम्पने जस्ता मूल समस्या रहेको ।

(ख) अति न्यून रकम वोलकवोल गर्ने गर्दा पूँजीगत खर्च कम रहने मात्रै होइन आयोजना अलपत्र छोडी अधूरो गराउने तथा निर्माण भएकै अबस्थामा पनि आयोजनाको गुणस्तर कमजोर रहने स्थिति रहेको ।

(ग) न्यूनतम पूर्वाधार तयार भइनसकेका सडकहरुमा पनि सवारी साधन चल्न दिँदा दुर्घटनाहरु भैरहेको अबस्था यस भ्रमणमा पनि देखियो ।

(घ) ठेक्का सम्भौता अनुरुप काम अघि बढे नबढेको नियमित रुपमा आयोजना तथा कार्यालयहरुबाटै अनुगमन भैरहेको पाइएन । सम्भौता अनुरुप काम अघि नबढाउँदा पनि लामो समयसम्म सम्भौता अनुरुप ठेक्का तोड्ने वा अन्य कारवाही नहुनु अर्को समस्याका रुपमा रहेको पाइयो । माडीखोलाको पूल यसको ज्वलन्त उदाहरण हो ।

## ६. निष्कर्ष तथा सुझावहरु

यस अनुगमन भ्रमणका क्रममा आयोजनाका कार्यान्वयन निकायहरु तथा लाभग्राही वर्गसँग भएको अन्तरक्रिया र स्थलगत अवलोकनका आधारमा पाइएका तथ्यहरुका आधारमा निम्नवमोजिम निष्कर्ष निकालिएको छः

(क) अवास्तविक तथा अतिन्यून वोलकवोल गर्नु, सोको स्वीकृती हुनु र सम्भौतावमोजिम काम नभए पनि ठेकेदारलाई कारबाही नगर्नु आयोजना असफलताको प्रमुख कारक रहेको ।

(ख) स्थानीय योजना प्रक्रियामा नतीजालाई केन्द्रमा राखी आयोजनाको प्राथमिकीकरणतर्फ ध्यान दिनुपर्नेमा लामो सूची निर्माणमै समय वित्ने गरेकाले सहभागितामूलक योजना तर्जुमा प्रक्रिया प्रभावकारी हुन नसकेको ।

(ग) नेपाल सरकार र अन्य दाताको सहयोगमा संचालित सामुदायिक विकास परियोजनाहरुको स्थानीय निकायमा स्वामित्ववोधको अभाव रहेकाले ती आयोजनाहरुको प्रभावकारिता तथा दिगोपना कायम हुन नसकेको ।

(घ) सामाजिक परिचालनका कार्यक्रमबाट महिला, दलित तथा अन्य लक्षित वर्गको सशक्तीकरण, आयआर्जनमा उल्लेख्य प्रभाव पर्नसक्ने देखिए पनि कार्यक्रममा दोहोरोपना र सामाजिक परिचालकहरुको क्षमता विकास प्रमुख समस्याका रुपमा देखिएको ।

### समस्या समाधानका लागि सुझावहरु

(क) प्रचलित १४ चरणको सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अनुरुप वस्तीस्तरबाट छनौट भइ आएका आयोजनाहरु इलाकास्तर र जिल्लास्तरमा विषयगत समितिहरुमा छलफल गरी प्राथमिकता निर्धारण गर्नुपर्ने हुन्छ । यस्ता छलफलमा स्थानीय निकाय र जिल्लास्थित विषयगत कार्यालयहरुको समेत सहभागिता रहनु पर्दछ । तर, इलाका स्तरमा हुने छलफलमा विषयगत निकायबाट प्रतिनिधित्व नरहने र डिभिजन कार्यालयहरुको सहभागिता विषयगत समितिहरुमा समेत नरहने गरेको पाइएको छ । साथै यो प्रक्रिया र विषयगत निकायहरुबाट कार्यक्रम सम्बद्ध तालुक निकायमा पठाउने समयवीच तालमेल हुन नसक्दा यी निकायहरुको कार्यक्रम औपचारिकताका लागि जिल्ला परिषद्ले पास गर्ने प्रक्रिया व्यवहारमा देखिएकाले समग्र योजना प्रक्रिया नै विश्वसनीय हुन सकिरहेको छैन ।

अतः आगामी आ.ब.देखि जिल्लास्तरीय कार्यक्रमहरु समावेस गरी वार्षिक विकास कार्यक्रम भाग २ आयोगबाट ननिकाल्ने निर्णय भैसकेको सन्दर्भमा सहभागितामूलक योजना प्रक्रियालाई थप विश्वसनीय बनाउनु पर्ने भएकाले सबै विषयगत मन्त्रालयहरुलाई यससम्बन्धी जानकारी गराई जिल्लास्तरीय वार्षिक योजना प्रक्रियालाई प्रभावकारी बनाउनु पर्ने ।

(ख) स्थानीय तहमा संचालन हुने सबै कार्यक्रमहरुको समन्वय गर्ने जिम्मेवारी जिविसको भएकाले त्यस्ता कार्यक्रमहरुलाई आबधिक तथा बार्षिक योजनामा समावेस गर्ने र कार्यक्रमहरुको नियमित अनुगमन तथा समन्वय गर्न जिविसहरुलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट निर्देशन दिनुपर्ने ।

(ग) गरिवी निवारण कोषले खडा गरेका सामुदायिक संस्थाहरुले तयार गरेका योजनाहरु वडा नागरिक मञ्चमार्फत सहभागितामूलक योजना प्रक्रियामा समावेस गराउने, जिविसबाट यी आयोजनाहरुको अनुगमन गर्ने र समीक्षा बैठकहरुमा यसबाट सञ्चालित कार्यक्रमहरुको समीक्षा अनिवार्य रुपमा गर्ने व्यवस्था मिलाउने । कोषबाट खटिने Portfolio Manager अधिकतम समय स्थलगत रुपमा वसी स्थानीय स्तरमा समन्वय गर्ने व्यवस्था गर्ने ।

गरिवी निवारण कोषका कार्यक्रमहरुको स्थानीय निकायसँग समन्वय नहुने स्थितिलाई सुधार गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र उक्त कोषवीच भएको समझदारी पत्र अनुरुप कार्य भएको नदेखिएकाले सोवमोजिम गर्न गराउन उक्त मन्त्रालयमार्फत सबै स्थानीय निकायहरुलाई निर्देशन दिन लगाउने ।

(घ) ठेक्का सम्झौता अनुरुप प्रगति नगर्ने वा कार्यस्थलमा अनुपस्थित रहने ठेकेदारहरुलाई सम्झौता अनुरुप यथा समयमा कार्वाही गराउन सबै प्रमुखहरुलाई सचेत गराउने । साथै उच्च अंक मूल्यांकन गराउने प्रयोजनका लागि मात्र सयुंक्त ठेक्का (Joint venture) मा ठेक्का लिने र पछि तुलनात्मक रुपमा कमजोर ठेकेदारलाई कार्य सुम्पने जस्ता प्रबृत्तिलाई निरुत्साहित गर्न आयोगबाटै सम्बद्ध सबै मन्त्रालयहरुलाई परिपत्र गर्ने ।

(ङ.) पूर्वाधारसम्बन्धी आयोजनाहरुको डिजाइन तथा सुपरीवेक्षण गर्ने परामर्शदाताको जिम्मेवारी र जवाफदेहिता थप प्रष्ट हुनुपर्ने । माडीखोलाको पूलको उदाहरण हेर्ने हो भने शुरु डिजाइन ठीक नभएकाले पुनः सोही परामर्शदाताबाट १५ प्रतिशत भेरियसन हुने गरी रिडिजाइन गरेको र हाल अझै प्राविधिक दृष्टिले उक्त डिजाइन अनुसार कार्यान्वयन हुन नसक्नुको अर्थ यसमा परामर्शदाताको कमजोरी वा असल नियतमा प्रश्न गर्न सकिने स्थिति छ । अतः परामर्शदातालाई समेत कार्बाही हुने व्यबस्था र सोको कार्यान्वयन हुन जरुरी रहेको ।

(च) सडकमा कस्तो पूर्वाधार तयार भएपछि सवारी साधन चल्न दिने भन्ने सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गर्ने र त्यसभित्र रही स्थानीय तहमा जिल्ला प्रशासनको समन्वयमा प्रत्येक सडकका सम्बन्धमा सूचना टाँस तथा त्यसको कार्यान्वयन गराउने व्यवस्था गर्ने ।

(छ) एउटै गाविसमा ५ जना वा सोभन्दा बढी सामाजिक परिचालक रहेका, उनीहरुको सेवा सुविधामा व्यापक भिन्नता रहेको (रु. १०,००० देखि २०,००० भन्दा बढी) र उनीहरु सम्बद्ध कार्यक्रमहरुवीच समन्वय नहुँदा एक आपसमा सिक्ने अवसरहरु (Cross-learning opportunites) को समेत सदुपयोग भएको नदेखिएकाले गाविस र जिविसबाट उनीहरुवीच सञ्जालीकरण गराई अनुभव आदान प्रदानको व्यवस्था गरिनुपर्ने । अनाबश्यक रुपमा रहेका सामाजिक परिचालकहरु हटाउनुका साथै उनीहरुको क्षमता अभिबृद्धि र नियमित सुपरीबेक्षण गर्ने कार्य जिविस तथा गाविसबाट गर्ने व्यवस्था संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट हुनुपर्ने ।

(ज) पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजनाबाट संचालित तथा सम्पादित सामुदायिक विकासका सूक्ष्म आयोजना तथा कार्यक्रमहरु सम्पन्न भए पछि निर्मित संरचनाको मर्मत सम्भार तथा संचालन गर्न आबश्यक क्षमताको विकासतर्फ पर्याप्त ध्यान दिन उक्त आयोजनालाई निर्देशन दिनुपर्ने । साथै, जिल्ला तथा गाविसस्तरमा संचालित कतिपय अन्य आयोजनाहरुवीच समन्वय गराउने संयन्त्र विकास गर्नेतिर ध्यान दिन र समुदायस्तरमा तयार हुने योजना (CIP) लाई स्थानीय निकायले तयार गर्ने १४ चरणको योजना तर्जुमा प्रक्रियासँग आबद्धित गराई दोहोरोपन हटाउन तथा दिगोपनामा समेत ध्यान दिन निर्देशन दिने ।